# सहिदभूमि गाउँपालिका

## स्थानीय राजपत्र

सहिदभूमि गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-७) सहिदभूमि , असार २६ गते, २०८१ साल (संख्या-२

## भाग —१

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा(१) बमोजिम सहिदभूमि गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८१ सालको ऐन नं. ०२

**आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१**

प्रमाणीकरण र प्रकाशन मिति
२०८१/०३/२६

**प्रस्तावना:** सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सहिदभूमि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम "सहिदभूमि गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८०÷०८१ को निमित्त सहिदभूमि गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित ।चालुतर्फरु३१करोड४५लाख४७हजाररुपैयाँअर्थात कुल विनियोजनको ६४.९७ प्रतिशततथा पूँजिगततर्फरु.१६करोड९६लाख२८हजाररुपैयाँ अर्थात कुल विनियोजनको ३५.०३ प्रतिशतगरीकुलरु४८करोड४१लाख७५हजाररुपैयाँमा नघटाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को लागि सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्य कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी

खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन बनाउन सक्ने**:(१) यस ऐनको कार्यान्वयन गर्न सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५. **आवश्यक व्यवस्था गर्न सक्ने**:(१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा सहिभूमि गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**अनुसूची — १**

(दफा २ सँग सम्बन्धित)

| अनुसूची -१ | | |
|---|---|---|
| **क.आयको प्रक्षेपण** | | |
| **क्र.सं.** | **शिर्षक** | **आ.व. २०८१/८२ को अनुमानित** |
| १ | **आन्तरिक राजस्वः** | ७०,००,००० |
| २ | **राजस्व बाँडफाँडः** | |
| २.१ | केन्द्र सरकारबाट प्राप्त राजश्व बाँडफाड | ८१,१००,००० |
| २.२ | घरजग्गा रजिस्ट्रेशन दस्तुर | ४५०,००० |
| २.३ | वन रोयल्टी | १५०,००० |
| २.४ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी करको वाँडफाड | २,५११,००० |
| **३** | **अन्य आय** | |
| ३.१ | गतवर्षको नगद मौज्दात | ४१,३००,००० |
| ३.२ | सडक बोर्ड | २,०००,००० |
| ४ | **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | |
| **४.१** | **नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण** | |
| ४.१.१ | वित्तीय समानीकरण अनुदान | ८८,५००,००० |
| ४.१.२ | सशर्त अनुदान, चालु | १९९,१४७,००० |
| ४.१.३ | सशर्त अनुदान, पुजीगत | २३,६००,००० |
| ४.१.४ | विशेष अनुदान पूँजीगत | ९,५००,००० |
| ४.१.५ | समपूरक अनुदान | ११,०००,००० |
| **४.२** | **प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण** | |
| ४.२.१ | वित्तीय समानीकरण अनुदान | ५,०७३,००० |
| ४.२.२ | सशर्त अनुदान | १०,०९४,००० |
| ४.२.३ | समपूरक अनुदान | ९,७५०,००० |
| **कुल आय** | | **४८४,१७५,०००** |

| ख.व्ययको अनुमान | | |
|---|---|---|
| **क.सं.** | **शिर्षक** | **आ.व. २०८१/८२ को अनुमानित** |
| १ | चालु तथा प्रशासनिक खर्च | ७१,०००,००० |
| २ | समपुरक कोष | १६,२५०,००० |
| ३ | आकाष्मिक व्यवस्थापन कोष | ५००,००० |
| ४ | **साझेदारी बजेट** | |
| ४.१ | ह्युमन प्रक्टिस साझेदारी | ७,७७०,००० |
| ४.२ | SIP परियोजना साझेदारी | २,८८०,००० |
| ४.३ | अपाङ्गता पुनर्स्थापना साझेदारी | २,०५०,००० |
| ४.४ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | १,२००,००० |
| ४.५ | अन्य भौतिक पुर्वाधार साझेदारी | ५००,००० |
| ५ | कर्मचारी कल्याणकारी कोष | १,९००,००० |
| ६ | मर्मत संभार कोष | २००,००० |
| ७ | कृषि विकास शाखा | ३,७००,००० |
| ८ | पशु विकास शाखा | ३,७००,००० |
| ९ | शिक्षा, युवा तथा खेलकुद शाखा | १६,२५०,००० |
| १० | स्वास्थ्य शाखा | ४,५००,००० |
| ११ | आयुर्वेद शाखा | ५००,००० |
| १२ | सहकारी शाखा | ४००,००० |
| १३ | न्यायिक समिति | १,०००,००० |
| १४ | वडा स्तरीय योजना | १६,५००,००० |
| १५ | पालिका स्तरीय योजना | |

| | | |
|---|---|---|
| १६ | महिला तथा वालवालिका शाखा ( महिला, वालवालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता कार्याक्रम, आदिवासि जनजाति, दलित लगायत लक्षित वर्ग) | ४,९००,००० |
| १७ | गाउँसभा सदस्य कार्यक्रम | ३,८००,००० |
| १८ | विपन्नसँग अध्यक्ष कार्यक्रम | ४,३३४,००० |
| १९ | भवन तथा शहरी विकास | ८,३००,००० |
| २० | खानेपानी योजना | ३,५००,००० |
| २१ | सडक पूर्वाधार | १४,०००,००० |
| २२ | अन्य सार्वजनिक निर्माण तथा मर्मत संभार | ५००,००० |
| २३ | खेलकुद पुर्वाधार तथा प्रवर्द्धन कार्यक्रम | ४,५००,००० |
| २४ | पर्यटन पुर्वाधार तथ पर्यटन प्रवर्द्धन कार्यक्रम | २,०००,००० |
| २५ | भाषा, संस्कृति र ललितकला | ८००,००० |
| २६ | साना तथा घरेलु उद्योग प्रवर्द्धन | ५००,००० |
| २७ | सर्वजनिक सम्पत्तिको संरक्षण | ७००,००० |
| २८ | वन, जैविक विविधता संरक्षण तथा जलाधार संरक्षण | ५००,००० |
| २९ | विपद् व्यवस्थापन कोष | ५००,००० |
| ३० | सूचना प्रविधि | ४००,००० |
| ३१ | मेशिनरि औजार खरिद | ७५०,००० |
| ३२ | फर्निचर तथा फिक्चर | ४००,००० |
| ३३ | अध्ययन तथा पूजिगत परामर्श | २,०००,००० |
| ३४ | MTEF कार्याशाला | ४००,००० |
| ३५ | पालिकाको डिजिटल प्रोफाईल निर्माण | ५००,००० |
| ३६ | सहिदभूमि गाउँपालकाको आवाधिक योजना निर्माण | १,०००,००० |

| | | |
|---|---|---|
| ३७ | संघीय सरकार सँगको साझेदारीमा औषधीय प्रयोजनको लागि गाँजा खेतीको संभाव्यता अध्ययन | २००,००० |
| ३८ | सडक बोर्ड | २,०००,००० |
| ३९ | टोल विकास संस्था गठन तथा परिचालन | ३००,००० |
| ४० | अ.ल्या. योजना | १३,५००,००० |
| ४१ | सशर्त अनुदान, चालु | १९९,१४७,००० |
| ४२ | सशर्त अनुदान, पुजीगत | २३,६००,००० |
| ४३ | विशेष अनुदान पूँजीगत | ९,५००,००० |
| ४४ | संघीय समपूरक अनुदान | ११,०००,००० |
| ४५ | प्रदेश सशर्त अनुदान | १०,०९४,००० |
| ४६ | प्रदेश समपूरक अनुदान | ९,७५०,००० |
| | | ४८४,१७५,००० |

आज्ञाले :

नविन कार्की

प्रमुख प्रशासकीय अधिकृत